# अचम्मको भुइँचालो



Save the Children

यो चित्रकथाको किताब हो । विशेषगरी यो सामग्री बालविकास केन्द्र तथा प्रारम्भिक तहका बालबालिकाहरूको पठन सक्षमताका साथै पठन संस्कृतिको विकास गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले तयार पारिएको हो । चित्रात्मक शैलीमा प्रस्तुत गरिएको यो सामग्री बालबालिकाहरूले स्वअध्ययनका साथै शिक्षक वर्गले कक्षाकोठामा पठनका विविध क्रियाकलापहरू सञ्चालन गर्नमा पनि प्रयोग गर्न सक्नुहुने छ ।


| | |
|---|---|
| पुस्तक | : अचम्मको भुइँचालो |
| विधा | : कथा |
| कथा | : यशु श्रेष्ठ |
| चित्र | : अर्पिता शाक्य |
| भाषा सम्पादन | : पुरुषोत्तम घिमिरे |
| लेआउट/डिजाइन | : रामकृष्ण श्रेष्ठ |


| | |
|---|---|
| सर्वाधिकार | : सेभ द चिल्ड्रेनमा |


Save the Children


Nepal Country Office
GPO Box : 3394, Airport Gate
Sambhu Marg, Sinamangal, Kathmandu
Tel : +977-1-4468130, 4464803, Fax : +977-1-4468132
Email : post.nepal@savethechildren.org


# अचम्मको भुइँचालो

(कथा किताब)




कथा : यशु श्रेष्ठ
चित्र : अर्पिता शाक्य

Save the Children




खाजा समय सुरु भयो । पालेदाइले
घन्टी पनि बजाउनुभयो ।
यही बेला सरमिसहरू जोडले कराउनुभयो,
“भाइबहिनीहरू हो ! भुइँचालो आयो !
भुइँचालो आयो !”



हामीहरू कक्षाकोठामै थियौँ। कोही डेस्क र बेन्चमुनि गयौँ। कोही जमिनमा बस्यौँ। कसैले झोला र किताबले टाउको छोप्यौँ।





पिँढीमा डोरी र गट्टा खेलिरहेका पनि थियौँ। हामी खुला चउरमा गयौँ। चउरमै बस्यौँ।

कोही पर्खालनेर खेलिरहेका थियौँ। पर्खालभन्दा पर गयौँ।
खुला चउरमा बस्यौँ।





कोही खम्बानेर खेलिरहेका थियौँ।
खम्बाभन्दा पर गयौँ।
साथी साथी एकैठाउँमा बस्यौँ।



लखन र भुनिया ह्विलचियरमा थिए ।
उनीहरू कक्षाकोठाको कुनामा टाउको
छोपेर बसे ।





हामी अफिस कोठामा थियौँ ।
"नहडबडाऊ, नआँत्तिऊ ।" सरमिसले भन्नुभयो ।
कोही टेबलमुनि पस्यौँ । कोही कोठाको कुनामा बस्यौँ ।



कोही चउरमा कथा सुनिरहेका थियौँ । चउरमै चुपचाप बस्यौँ ।





मिस साइकलमा आइरहनुभएको थियो । उहाँले साइकल रोक्नुभयो । “त्यता नजाऊ । रुख र पर्खाल लड्न सक्छन् ।”, मिसले बिजवालाई समाउनुभयो ।



मिसले अतिरिक्त कक्षा लिइरहनुभएको थियो ।
“पासाङ बिस्तारै बाहिर निस्क । पासाङलाई बौवाले सहयोग गर । ल, अरू पनि बिस्तारै बाहिर निस्क त ।”, मिसले सबैलाई बिस्तारै बाहिर निकाल्नुभयो ।





मिसले सबैलाई हेर्नु भयो ।
लामबद्ध राखेर जाँच र गन्ती गर्नुभयो ।





“हल्लिन कम हुँदै छ । सुरक्षित स्थानमै बसिराख है ।”, हेडसरले ठुलो आवाजले भन्नुभयो ।

“जमिन हल्लिएको पनि छैन ! केही चालचुलै छैन ! कहाँ आयो भुइँचालो ?”, हामी छक्क पर्‍यौँ ।

"भुइँचालो आउँदा यसरी नै सुरक्षित भएर बस्नुपर्छ । ल, तिमीहरूलाई धेरै धेरै धन्यवाद ।", सरमिसले खुसी हुँदै भन्नुभयो । हामी अझै छक्क पर्‍यौँ ।





"भुइँचालो आएको होइन क्या । यो त तिमीहरूलाई अभ्यास गराएका हौँ ।", कलशी मिसले हाँस्दै भन्नुभयो । त्यसपछि त हामी पेट मिची मिची हाँस्न थाल्यौँ ।



"फेरि, अभ्यास मात्र हो भन्ठान्लाऊ । हेलचेक्र्याइँ गर्लाऊ । त्यसो नगर्नू है ?", कलशी मिसले जोडले भन्नुभयो ।

"ठिक हो मिस ! भुइँचालो कतिखेर आउँछ भन्न सकिन्न । बेला बेलामा यस्ता अभ्यास त गरिरहनुपर्छ । फेरि एकपटक अभ्यास गरौँ न !", जानुका दिदीले भन्नुभयो ।

"ल सुरु गरौँ न त । भुइँचालो आयो ! भुइँचालो आयो !", कलशी मिसले जोडले भन्नुभयो ।





हामी कक्षाकोठाभित्रै हुँदा
डेस्क र बेन्चमुनि बस्यौँ ।



पिँढीमा हुँदा बिस्तारै
चउरमा निस्किएर बस्यौँ ।



रुख र खम्बानेर हुँदा त्योभन्दा पर
खुला स्थानमा बस्यौँ ।



पर्खालनेर हुँदा
पर्खालबाट पर गयौँ ।





चउरमा हुँदा चुपचाप
चउरमै थचक्क बस्यौँ ।



मिस साइकलमा आइरहनुभएको
थियो । साइकल रोकेर बस्नुभयो ।



अफिस कोठामा हुँदा दराज र च्याक
ढलेर नलाग्ने स्थान, गारोको कुना
र टेबलमुनि बस्यौँ ।



कक्षाकोठाको खाली ठाउँमा हुँदा
किताब र झोलाले टाउको
छोप्दै भुइँमा बस्यौँ ।
















Save the Children